नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, असार २० गते, २०७३ साल (संख्या १३

भाग ३

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना १

भन्सार (सातौं संशोधन) नियमावली, २०७३

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "भन्सार (सातौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. भन्सार नियमावली, २०६४ को नियम ८ मा संशोधन : भन्सार नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को,-

(१) उपनियम (१७) को सट्टा देहायको उपनियम (१७) राखिएको छ :-

"(१७) कुनै व्यक्तिले आफूले पैठारी गरेको वा नेपालभित्र खरिद गरेको बस वा ट्रकको चेसिस पैठारी वा खरिद गरेको मितिले तीन महिनाभित्र बडी बनाउनको लागि निकासी गर्न चाहेमा त्यस्तो चेसिस पैठारी गर्दाको प्रज्ञापनपत्र वा बीजक संलग्न गरी भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।"

(२) उपनियम (२०) मा रहेको "पैठारीकर्ताले" भन्ने शब्दको सट्टा "सम्बन्धित व्यक्तिले" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम २९ मा संशोधन : मूल नियमावलीको नियम २९ को सट्टा देहायको नियम २९ राखिएको छ :-

"२९. न्यून बीजकीकरण भई पैठारी भएको मालवस्तु खरिद गर्ने सम्बन्धी व्यवस्था : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम मालवस्तु खरिद गर्ने प्रयोजनको लागि नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले विभागलाई आवश्यक रकम उपलब्ध गराउनेछ।"

४. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छ :-

"३०. खरिद गरिएको मालवस्तु लिलाम गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिने : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तु परिच्छेद-७ बमोजिम लिलाम बिक्री गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिनेछ ।"

५. मूल नियमावलीको नियम ३१ मा संशोधन : मूल नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको छ :-

"३१. पैठारीकर्तालाई जानकारी दिनु पर्ने : ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम मालवस्तु खरिद गर्नु परेमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई वा निजको भन्सार एजेन्टलाई त्यसको लिखित सूचना अनुसूची-४ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।"

६. मूल नियमावलीको नियम ४७ मा संशोधन : मूल नियमावलीको नियम ४७ को उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुन, चाँदी वा जवाहिरात

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धी मुद्दामा सुराकी दिने र त्यस्तो मालवस्तु मानिस सहित वा मानिस बाहेक पक्री पेश गर्ने व्यक्तिलाई पुरस्कार दिँदा त्यस्तो मालवस्तु लिलाम वा बिक्रीबाट प्राप्त भएको रकमको दश प्रतिशत वा दश लाख रुपैयाँमध्ये जुन घटी हुन्छ सोही रकम पुरस्कार दिइनेछ ।"

७. मूल नियमावलीको नियम ५३क. मा संशोधन : मूल नियमावलीको नियम ५३क. को उपनियम (१) मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना २

अन्तःशुल्क (सोह्रौं संशोधन) नियमावली, २०७३

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "अन्तःशुल्क (सोह्रौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अन्तःशुल्क नियमावली, २०५९ को नियम २३ मा संशोधन : अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २३ को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "एक प्रतिशत भन्दा बढीले" भन्ने शब्दहरुको सट्टा "एक प्रतिशतसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (३) मा रहेका "दुई प्रतिशतसम्म" भन्ने शब्दहरुको सट्टा "एक प्रतिशतसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम २३क. मा संशोधन : मूल नियमावलीको नियम २३क. को उपनियम (२) मा रहेका "पन्ध्र दिन" भन्ने शब्दहरुको सट्टा "तीस दिन" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना ३

आयकर (छैठौं संशोधन) नियमावली, २०७३

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "आयकर (छैठौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली संवत् २०७३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

२. आयकर नियमावली, २०५९ को नियम ५ मा संशोधन : आयकर नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :-

"५. वित्तीय विवरण पेश गर्नु पर्ने : (१) नियम ३ को उपनियम (२) बमोजिम दर्ता हुने निकायले आफ्नो लेखापरीक्षण भएको वार्षिक वित्तीय विवरण अनिवार्य रुपमा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र विभागमा पेश गर्नु पर्नेछ ।

(२) कर छुट पाउने संस्थाले ऐनको दफा १० को खण्ड (छ) मा उल्लेख भएको रकम र दफा ९२ बमोजिम अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी बाहेक, अन्य कुनै करयोग्य आय प्राप्त गरेको भए ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गर्नु पर्नेछ ।"

३. मूल नियमावलीमा नियम ५क. थप : मूल नियमावलीमा नियम ५ पछि देहायको नियम ५क. थपिएको छ :-

"५क. नवीकरण सम्बन्धी व्यवस्था : (१) नियम ३ बमोजिम दर्ता भई कर छुटको प्रमाणपत्र प्राप्त गरेको छुट पाउने संस्थाले आय वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र त्यस्तो प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नवीकरण गराउन निवेदनसाथ अघिल्लो आय वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण र अग्रिम कर कट्टी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी कर दाखिला गरेको विवरण तथा प्रमाणसहित विभागले तोकेको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको निवेदन उपर कर अधिकृतले छानबिन गर्दा कर छुट पाउने देखिएमा त्यस्तो प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम नवीकरणका लागि प्राप्त भएको कर छुटको प्रमाणपत्र विभागले तोकेको ढाँचा बमोजिम नभएमा साविकको कर छुटको प्रमाणपत्रको सट्टा नयाँ प्रमाणपत्र जारी गरिनेछ ।

(५) उपनियम (१) बमोजिम कर छुटको प्रमाणपत्र नवीकरण नगराएसम्म कर छुटको प्रमाणपत्र प्राप्त गरेको संस्थाले कर छुटको सुविधा उपयोग गर्न पाउने छैन ।"

४. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) पूर्वानुमानित कर विवरण पेश गर्ने बाहेकका करदाताले आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ ।"

५. मूल नियमावलीको नियम २९ मा संशोधन : मूल नियमावलीको नियम २९ को उपनियम (३) को खण्ड

105
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मा रहेका "चेक वा ड्राफ्टबाट" भन्ने शब्दहरुको सट्टा "चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल नियमावलीको नियम ३३ मा संशोधन : मूल नियमावलीको नियम ३३ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) ऐनको दफा ४ को उपदफा (३) बमोजिमको व्यक्ति, र"

७. खारेजी : मूल नियमावलीको नियम ४ खारेज गरिएको छ ।

सूचना ४

मूल्य अभिवृद्धि कर (अठारौं संशोधन) नियमावली, २०७३

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (अठारौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली संवत् २०७३ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधन : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (१) मा ठाउँ ठाउँमा रहेका "दश लाख रुपैयाँ"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन् :-

"(१) कुनै व्यक्तिको वार्षिक कारोबार वस्तुको हकमा पचास लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा बीस लाख रुपैयाँ नाघ्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृतसमक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमान गर्न सकिने अवस्था नभै कसैले गरेको कारोबारको रकम वस्तुको हकमा पचास लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा बीस लाख रुपैयाँ नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।"

४. मूल नियमावलीमा नियम १४ख. थप : मूल नियमावलीको नियम १४क. पछि देहायको नियम १४ख. थपिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

"१४ख. कर सहितको मूल्य उल्लेख गर्नु पर्ने : दर्ता भएको व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबारस्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राइस, मेनु प्राइस र सेल्फ प्राइस) मा कर सहितको मूल्य उल्लेख गर्नु पर्नेछ ।"

५. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को,-

(१) उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) उपनियम (३ख) को सट्टा देहायको उपनियम (३ख) राखिएको छ :-

"(३ख) ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन एवम् प्रसारण गृहले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ ।"

६. मूल नियमावलीको नियम ४३ मा संशोधन : मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छ :-

"४३. निवेदन दिनु पर्ने : (१) करदाताले करकट्टीको लागि दर्ता भएको पन्ध्र दिनभित्र अनुसूची-१६ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) दर्ता हुँदाका बखत मौज्दात रहेको भए सामानको विवरण,

(ख) दर्ता हुनुभन्दा एकवर्ष अघिसम्मका कर बीजक र प्रज्ञापनपत्र भए तत् सम्बन्धी विवरण,

(ग) अन्य आवश्यक प्रमाण ।

(३) उपनियम (१) बमोजिमको दाबी कर अधिकृतद्वारा स्वीकृत भएमा सम्बन्धित करदाताले नियम ३९ को उपनियम (४) बमोजिम कट्टी गर्न पाउनेछ ।

(४) उपनियम (१) बमोजिमको दाबी गरिएको कर पहिला नै कट्टा गरिएको पाइएमा ऐन र यस नियमावली बमोजिम कर अधिकृतले त्यस्तो करदातालाई कारबाही गर्न सक्नेछ ।"

७. <u>मूल नियमावलीको नियम ५१ मा संशोधन</u> : मूल नियमावलीको नियम ५१ मा रहेका "मूल्य अभिवृद्धि कर कार्यालय" भन्ने शब्दहरुको सट्टा "आन्तरिक राजस्व कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

८. <u>मूल नियमावलीको नियम ५२ मा संशोधन</u> : मूल नियमावलीको नियम ५२ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) ऐन र यस नियमावली बमोजिम बुझाउनु पर्ने कर, दस्तुर र ब्याज करदाताले नियम ३० बमोजिमको म्यादभित्र नबुझाएमा कर अधिकृतले ऐनको दफा २१ बमोजिम बक्यौता कर, दस्तुर, जरिवाना र ब्याज असुल गर्नको लागि सम्पत्ति रोक्का राख्न सक्नेछ ।"

(२) उपनियम (२) मा रहेका "कब्जा वा लिलाम" भन्ने शब्दहरुको सट्टा "रोक्का" भन्ने शब्द राखिएको छ ।

९. खारेजी : मूल नियमावलीको अनुसूची-२० खारेज गरिएको छ ।

आज्ञाले,
राजन खनाल
नेपाल सरकारको सचिव

मुद्रण विभाग सिंहदरवार काठमाण्डौमा मुद्रित । मुल्य रु १०।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।